जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ८७ पृष्ठः ४ | २०८३ साउन ०८ शुक्रबार (Friday 24 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## पाँच लाख घुससहित पक्राउ परेका कर अधिकृतलाई बर्दिबास लगियो

अडिटका क्रममा कम्पनीलाई कर, जरिवाना तथा अन्य शीर्षकमा करिब २ करोड रुपैयाँ दायित्व देखाइएको थियो। पालले कम्पनीका थप कागजात पेस गरेपछि दायित्व अझै बढ्नसक्ने भन्दै १२ लाख रुपैयाँ दिए सबै समस्या समाधान गरिदिने प्रस्ताव राखेको बताइएको छ।



**सुरेश राय**

सिरहा, ७ साउन। पाँच लाख रुपैयाँ घुस लिँदै गर्दा पक्राउ परेका आन्तरिक राजस्व कार्यालय लहानका कर अधिकृत युवराज पाललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले थप अनुसन्धानका लागि बर्दिबास लगेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयबाट खटिएको टोलीले बिहीबार कार्यालयमै ५ लाख रुपैयाँ घुस लिँदै गरेको अवस्थामा पाललाई रंगेहात पक्राउ गरेको थियो।

पक्राउपछि आवश्यक मुचुल्का, बरामद विवरण संकलन तथा प्रारम्भिक अनुसन्धान प्रक्रिया पूरा गरी करिब साढे ४ घण्टापछि उनलाई थप अनुसन्धानका लागि आयोगको बर्दिबास कार्यालय लगिएको अख्तियारका एक अधिकृतले जनाएको छ। स्रोतका अनुसार सिरहा सुपर मार्केटको आर्थिक वर्ष २०७८/७९ को पूर्ण कर परीक्षण ( फुल अडिट) गर्ने क्रममा कर अधिकृत पालले आफूभन्दा माथिका कर अधिकृत प्रकाश राईसहित अन्य व्यक्तिलाई समेत मिलाउनुपर्ने भन्दै सुरुआतमै ५ लाख रुपैयाँ घुस मागेका थिए।

अडिटका क्रममा कम्पनीलाई कर, जरिवाना तथा अन्य शीर्षकमा करिब २ करोड रुपैयाँ दायित्व देखाइएको थियो। पालले कम्पनीका थप कागजात पेस गरेपछि दायित्व अझै बढ्नसक्ने भन्दै १२ लाख रुपैयाँ दिए सबै समस्या समाधान गरिदिने प्रस्ताव राखेको बताइएको छ। कम्पनीले आर्थिक अवस्था कमजोर रहेको बताएपछि अन्ततः ५ लाख रुपैयाँमा सहमति भएको स्रोतको दाबी छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घटनासम्बन्धी थप अनुसन्धान अघि बढाएको जनाएको छ। अनुसन्धानपछि आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने आयोग स्रोतले जनाएको छ।

## नास्पाती बोकेको गाडीमा ६५२ किलो गाँजा, ३ जना पक्राउ



सिरहा, ७ साउन। सिरहाको लहान नगरपालिका–३ नयाँ बस्ती टोलमा नास्पातीका क्रेटभित्र लुकाएर राखिएको ठूलो परिमाणको गाँजा जस्तो देखिने पदार्थ प्रहरीले बरामद गरेको छ। विशेष सूचनाको आधारमा गरिएको कारबाहीमा एक पिकअप गाडीसहित तीन जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। पार्किङ अवस्थामा रहेको बा२१च ५६६६ नम्बरको योद्धा पिकअपमा खानतलासी गर्दा नास्पातीका ४६ वटा क्रेटभित्र बोरामा लुकाएर राखिएको गाँजा जस्तो देखिने पदार्थ प्रहरीले फेला पारेको हो।

बरामद गाँजाको तौल प्लास्टिकसहित ६६३ केजी र प्लास्टिक हटाउँदा ६५२ केजी रहेको प्रहरीले जनाएको छ। साथै करिब ९,९२० केजी नास्पाती समेत

**–बाँकी तीन पेजमा**

## सिरहामा गोली चल्यो, दुई जना घाइते




सिरहा, ७ साउन। सिरहाको लहानमा लागूऔषध नियन्त्रण ब्यूरोको टोलीले गोली प्रहार गरी ६ जनालाई नियन्त्रणमा लिएको छ। बिहीबार लहान नगरपालिका वडा नम्बर ३ स्थित हस्पिटल चोकमा ब्यूरोको टोलीले उनीहरूलाई नियन्त्रणमा दिने क्रममा गोली चलाएको हो। प्रहरीको गोली लागेर दुई जना घाइते भएका छन्। घाइते हुनेमा एक नेपाली र एक भारतीय नागरिक रहेका छन्। उनीहरूलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको छ।

काठमाडौँको कोटेश्वरस्थित लागूऔषध नियन्त्रण ब्यूरोबाट खटिएको विशेष टोलीले लागूऔषध कारोबारीहरूलाई पक्राउ गर्ने क्रममा प्रतिरोध भएपछि गोली

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं**

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

**जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

